# दण्डहीनताविरुद्ध नागरिक कार्यदल
## Citizen's Task Force to Combat Impunity

**Secretariat:** FOHRID Human Rights and Democratic Forum, GPO Box: 19186, Kathmandu, Nepal, Tel: +977 1 4423 125, Fax: +977 1 4438 812, Email: fohrid@wlink.com.np / taskforce@fohridnetwork.org

**दण्डहीनताविरुद्ध नागरिक कार्यदलको समन्वय समितिको परामर्श बैठक : संक्षिप्त प्रतिवेदन**
Brief Report on Meeting of the Task Force Coordination Committee
2065 Paush 12 (३१ डिसेम्बर २००८)

वर्तमान सरकार मानव अधिकारप्रतिको उत्तरदायित्व वहनमा असफल हुँदै गएको र सरकारलाई त्यसतर्फ घच्घच्याउने कार्यको लागि मानव अधिकार तथा नागरिक समुदायको एकीकृत प्रयास अझ सशक्त बनाउनुपर्ने आवश्यकतालाई मनन गर्दै दण्डहीनताविरुद्ध नागरिक कार्यदल र अग्रज मानव अधिकार रक्षकबीच ३१ डिसेम्बर २००८ मा आईसीजे सभाकक्षमा एक राउन्ड टेबल छलफल कार्यक्रम सम्पन्न गरियो । दण्डहीनताविरुद्ध नागरिक कार्यदलद्वारा अघि सारिएका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन र सरकारलाई कसरी दण्डहीनताको सबालमा जवाफदेही बनाउने भन्ने सम्बन्धमा केन्द्रीत उक्त राउन्ड टेबल कार्यक्रममा वरिष्ठ मानव अधिकारवादी व्यक्तित्व, पत्रकार महासंघ, कानुन व्यवसायी, ओएचसीएचआरका प्रतिनिधि लगायतको सहभागिता रहेको थियो ।

अधिवक्ता वीरेन्द्रप्रसाद थपलियाले स्वागत मन्तव्य व्यक्त गर्दै दण्डहीनताविरुद्ध नागरिक कार्यदलको सचिवालयका तर्फबाट छलफलको लागि प्रस्तुत दस्तावेज सहभागीमाझ पेश गरेका थिए । प्रस्तावित छलफलपत्रमाथि आफ्ना टिप्पणी राख्दै कार्यक्रमका सहभागिहरुले दण्डहीनताविरुद्ध आगामी रणनीति के बनाउने र कसरी अघि बढ्ने भन्नेमा आ-आफ्ना धारणा व्यक्त गरेका थिए ।

**अधिवक्ता गोविन्द शर्मा 'वन्दी'** : वर्तमान सरकार मानव अधिकार उल्लंघनका गम्भीर मुद्दामा संलग्न अपराधीहरुलाई राजनीतिक आवरणमा छुटकारा दिन लागिरहेको छ । यसमा सबै मानव अधिकार समुदाय गम्भीर हुनुपर्छ । मिडियामाथि भएको श्रृखलावद्ध आक्रमणमा सरकारको जवाफदेहीता शून्य देखिएको छ । सरकार जिम्मेवार हुनुपर्नेमा मुकदर्शक बनेर बसेको छ । मानव अधिकारको व्यापक उल्लंघन बढेको छ । कानुन आफ्नो हातमा लिने प्रवृत्तिले बढवा पाइरहेको छ । बढ्दो दण्डहीनताप्रति जवाफदेही बनाउन वर्तमान सरकारलाई मानव अधिकार समुदायबाट व्यापक दवाव सिर्जना गर्नु जरुरी छ । रामहरि श्रेष्ठ, वीरेन्द्र शाह, जेपी जोशी लगायतका हत्यामा संलग्नहरुलाई दिइएको राजनीतिक संरक्षणका विरुद्ध आवाज उठाउनुपर्छ । विगतमा गरिएका मानव अधिकार उल्लंघनका सबालहरु उठाइनु जरुरी छ । बन्दुकको शासन चाहिदैन र मानव अधिकार हनन गर्न पाइदैन भन्ने सबालमा सबै एक हुनुपर्छ । मुद्दा फिर्ता सम्बन्धमा धेरै प्रश्न उठेको छ । त्यसको लागि सर्वोच्चमा मुद्दा दर्ता समेत भएका छन् । सरकारी मुद्दासम्बन्धी ऐनले सरकारलाई विशेष परिस्थितिमा मुद्दा फिर्ता लिने अधिकार दिएको छ । हाम्रो देशमा पुनरावेदनको तहमा गएको मुद्दा फिर्ता हुँदैन भन्नेमा पुनरावेदन तहमा भएको मुद्दा सर्वोच्चबाट फिर्ता भएको प्रशस्त उदाहरण छन्, जो कानुनी साासनको लागि चुनौति हो । नेपालमा दण्डहीनता संस्कारको रुपमा रहनुको मुख्य कारण कानुन कार्यान्वयन पक्ष

कमजोर हुनु हो । शान्ति सम्झौताअन्तर्गत भएका सम्झौताहरुको उल्लंघनमा पनि दण्डहीनता भएको छ । नागरिक समाजले प्रेस स्वतन्त्रता, वृहत शान्ति सम्झौता, वेपत्ता आयोग, आईसीसी लगायतका सबाल उठाउनु जरुरी छ ।

**पुरुषोत्तम दाहाल** : मानव अधिकार खतरामा परेको छ । सरकार जिम्मेवार छैन । मानव अधिकारका सम्पूर्ण क्षेत्रमा पूर्ण प्रत्याभूतिको ग्यारेन्टी आवश्यक छ । कुनै यो वा त्यो मानव अधिकारको सुनिश्चितताका कुरा होइन पूर्ण प्रत्याभूति हाम्रो चासोको विषय हो । सरकारलाई मानव अधिकार समुदायको तर्फबाट दण्डहीनताका सबालमा पूर्ण रुपमा जवाफदेही बनाइनपुर्छ । सरकार प्रमुख कुनै पार्टीको होइन, उसका हरेक क्रियाकलाप र व्यवहार राज्यप्रति उत्तरदायी हुनुपर्छ । जो सरकारमा बस्यो उही विद्रोह गर्छु भन्छ भने त्यस्ता वक्तव्यको पनि विरोध हुनुपर्छ । उत्तरदायी बनाउनको लागि नागरिक समाजबाट सशक्त दवावको सृजना गरिनुपर्छ । राज्यले दण्डहीनतालाई संस्थागत रुपमा अगाडि बढाउन खोजेको छ । विगतमा अपराधमा संलग्न दोषीलाई व्यक्तिगत रुपमा पश्रय दिँदा दण्डहीनताको अवस्था रहेको भए पनि त्यो यथास्थितिमा थियो तर वर्तमान सरकारको क्रियाकलापले यसलाई संस्थागत मान्यता दिदै अघि बढेको छ । दण्डहीनतालाई निराकरण गर्नुको सट्टा आपराधीक क्रियाकलापमा संलग्नहरुको मुद्दा फिर्ता लिइ यसलाई संस्थागत रुपमा अगाडि बढाउने कार्य गरेको छ । बढ्दो दण्डहीनताको अन्त्य कसरी गर्ने भन्ने सम्बन्धमा बहस गर्नु जरुरी छ । मानव अधिकार सबैभन्दा प्रांथमिकताको विषय हो । मानव अधिकारप्रतिका प्रतिवद्धतालाई कार्यान्वयन गर्नु जरुरी छ । राज्यको चौथो अंग पत्रकार जगतमाथि भएका हस्तक्षेप रोक्न सरकार असफल रह्यो । यसले पनि सरकारको हवीलाई पुष्ट्याउँछ । तसर्थ दण्डहीनताविरुद्ध सामूहिक र सैद्धान्तिक रुपमा ठोस कार्यक्रम ल्याउनु जरुरी छ ।

**हरि उप्रेती** : वर्तमान सरकारले मुद्दा फिर्ता लिँदा अपनाएका आधार औचित्यहीन छन् । यसको बारेमा आवाज उठाउनु जरुरी छ । मुद्दा फिर्ता बदरको सम्बन्धमा सर्वोच्चमा मुद्दा दर्ता भएका छन् । डीवी लामाको केस (२०५०-५१) लाई landmark रुपमा हेरी मुद्दा फिर्ता बदर गरिए जस्तै सर्वोच्चले मुद्दा फिर्ता बदर सम्बन्धमा बोल्नु जरुरी छ ।

**विष्णुपुकार श्रेष्ठ** : राज्यलाई जवाफदेही बनाउन वा मानव अधिकारप्रति पूर्ण सजग बनाउनको लागि राज्य लागि परेको छ भन्ने कुराको ग्यारेन्टी गर्न, मानव अधिकार आयोगका सिफारिसहरु कार्यान्वयनको सबाललाई सशक्त रुपमा उठाइ त्यसलाई कार्यान्वयन गराउन सकियो भने मानव अधिकार विरुद्धका क्रियाकलापहरुले दण्ड सजाय भागी हुन्छ भन्ने कुराप्रति सजग गराउन सकिन्छ । मानव अधिकार उल्लंघनका घटना सम्बन्धी साना, छोटा कार्यक्रम लिएर जानुपर्छ जसलाई सरकारले सम्बोधन गर्न सकोस् । राज्यले पनि मानव अधिकारप्रति सजग हुने मौका पाउँछ । उसले पनि मानव अधिकारका सबालमा सकारात्मक कार्य गर्ने मौका पाउने वातावरण निर्माण गरिदिनु हाम्रो दायित्व हो । यो वा त्यो मामिलामा धेरै दोष थोपर्नुमात्र पनि राम्रो होइन । बेलाबेलामा सरकारबाट मानव अधिकारप्रति प्रतिवद्धता जनाइरहने गरी दवाव दिनु पनि हाम्रो कर्तव्य हो ।

**हरिबहादुर कार्की** : मुद्दा फिर्ताको सबाल गम्भीर छ । नेपालमा अहिले न्यायपालिकामाथि कार्यपालिका हावी भएको भान भएको छ । कानुन सम्मत तरिकाले मुद्दा फिर्ता लिनुपर्नेमा जथाभावी रुपमा गम्भीर प्रकृतिका मुद्दा फिर्ता लिइएको छ । यसले दण्डहीनतालाई बढाएको छ ।

**चरण प्रसाईं :** दण्डहीनतालाई अन्त्य गर्नका लागि उद्देश्यमूलक भएर जानु जरुरी छ । राजनीतिक तहबाट पनि दवाव सिर्जना गर्नु आवश्यक छ । मानव अधिकारकर्मीको तर्फबाट पनि दण्डहीनतासम्बन्धी दवावमूलक कार्यहरु गर्नु जरुरी छ । प्रदीप खड्का केस, बलात्कार, यातना जस्ता मुद्दाले पनि दण्डहीनताको सबाल उठाउँछ । ओएचसीएचआर ले सशस्त्र द्वन्द्वको बेला बर्दियाबाट बेपत्ता पारिएकाको सबालमा सार्वजनिक गरेको प्रतिवेदनलाई पनि सरकारले गम्भीर भएर सोच्नु जरुरी छ । शान्ति सम्झौता लगायत अन्य सम्झौताहरु समेतको उल्लंघन जस्तै घरजग्गा कब्जा गर्ने कार्य पनि दण्डहीनताको सबाल हो/होइन ? यस सम्बन्धी आवाज उठ्नु जरुरी छ । घरजग्गा कब्जालाई मन्त्री आफैले संरक्षण प्रदान गर्दै आएका छन् । सरकारले संरक्षण प्रदान गर्नुपर्नेलाई गरिरहेको छैन तर बलजफ्ती घरजग्गा कब्जा गरिरहेको छ । राज्य स्वयं हिंसात्मक कार्यमा संलग्न छ । माओवादीको युद्धकालीन रणनीति र सरकार सञ्चालन गर्ने प्रवृत्तिमा केही फरक पाइदैन । मानव अधिकार र दण्डहीनताको सबालमा वर्तमान अवस्था झन नाजुक छ । छाडातन्त्र लाद्ने प्रयास गरिएको छ ।

**रामजी दाहाल :** प्रेश स्वतन्त्रतामाथिको आक्रमण र पत्रकार मारिने क्रम दिनहु बढ्दो छ । देशमा हरेक दिन एउटा न एउटा घटना स्वतन्त्र पत्रकारिताको विरुद्धमा हुनेगरी सञ्चालन हुँदै आएका छन् । सरकारले प्रेश स्वतन्त्रताप्रतिको प्रतिवद्धता जनाइएको छ तर स्वतन्त्र प्रेशमाथिको आक्रमण बढिरहेको छ । सरकारको धारणा के हो ? भन्ने सम्बन्धमा बुझ्नु जरुरी छ । सडकको ध्वंसात्मक आवाजमात्र सुन्ने सरकारी प्रवृत्तिले अझ बढी समस्या सृजना गरेको छ । यस्तो प्रवृत्तिको अन्त्य हुनुपर्छ ।

**सुशील प्याकुरेल :** मानव अधिकारको सबाल गम्भीर बनेको छ । निर्वाचनबाट आएको सरकार भएपनि मानव अधिकारप्रति प्रतिवद्ध छैन । दण्डहीनताको सबाल विकराल छ । यसमा प्रतिवद्धता जाहेर गरेर मात्र पर्याप्त हुँदैन । UN general assembly मा व्यक्त प्रधानमन्त्रीको प्रतिवद्धतालाई मान्ने हो भने देशमा अब उप्रान्त दण्डहीनता हुँदैन भन्ने छ तर के त्यो सार्थक भयो त ?। यस सम्बन्धमा सार्वजनिक कार्यक्रममार्फत प्रमको धारणा मागिनुपर्छ । प्रतिवद्धता जाहेर गर्नुभन्दा पनि त्यसको कार्यान्वयनले महत्वपूर्ण स्थान राख्छ । सरकार दण्डहीनतालाई मुद्दा फिर्ता मार्फत अझ संस्थागत गर्दैछ । मुद्दा फिर्ता लिने सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयलाई समेत जानकारी नदिइनु अत्यन्तै गम्भीर सबाल हो । गृहमन्त्री जस्तो जिम्मेवार व्यक्तिले मुद्दा फिर्ता गल्तीले भएको हो भन्ने अभिव्यक्ति दिनुले दण्डहीनताको अवस्थालाई कता मोड्छ ? यसविरुद्ध आवाज उठाउनै पर्छ । ओएचसीएचआरको वर्दियाबाट भएको वेपत्तासम्बन्धी प्रतिवेदनलाई पनि गम्भीर रुपमा लिएको छैन र दण्डहीनताको सबालमा राज्य मौन छ ।

**नूतन थपलिया :** अहिले दण्डहीनताको पराकाष्टा बढेको छ । दण्डहीनता पश्चिमी मुलुकहरुमा पनि छ तर त्यहाँ सबल न्यायप्रणाली र कानुनी राज्यको अनुभूति प्रदान गरिएको छ । तर, हाम्रो सरकार दण्डहीनताप्रति मौन छ । यसको विरुद्ध आवाज उठाउन एकवद्ध भएर लाग्नु जरुरी छ । यस कार्यका लागि कार्यदलले निकै कार्य गर्नुपर्नेछ । अहिले दण्डहीनताविरुद्धको आन्दोलन सशक्त रुपमा उठाउनु जरुरी छ । हामीले यस्तो आन्दोलनलाई निरन्तरता दिइरहनुपर्छ । अहिले सबै क्षेत्रमा दण्डहीनता भयो भनिन्छ । हामी मानव अधिकारकर्मीले मानव अधिकारको दृष्टिले के कुरा दण्डहीनता हो, यो कहाँबाट आयो, यसको मर्म र भावनाका बारेमा वकालतमार्फत आम नागरिकलाई सचेत बनाउन आवश्यक छ । सरकार तानाशाही हुन्छ । उसले आफ्नो गलत क्रियाकलापप्रति औंलो ठड्याउनेलाई शत्रुको रुपमा देख्छ । मानव अधिकारविरुद्ध जाने राज्य संयन्त्रका विरुद्ध सशक्त रुपमा मानव अधिकारकर्मी र नागरिक समाजले एकजुट भइ खबरदारी गर्नुपर्छ तबमात्र राज्यले त्यस्ता दुस्साहस गर्न आँट पुऱ्याउदैन । सरकारमा बस्नेहरुको नीति नै दण्डहीनतालाई बढवा

नदिने भन्ने भएपनि शक्तिको चलखेल गर्नेहरु यो वा त्यो बहानामा मानव अधिकार उल्लंघन गर्न अग्रसर हुन्छन् । त्यसको लागि निरन्तर खबरदारी गर्नुपर्छ । खबरदारीको क्रममा शुरुमा सानो समूह हुनसक्छ । यसलाई निरन्तरता दिँदै जाँदा यसले वृहत रुप लिन्छ र आन्दोलन एक शक्तिको रुपमा अगाडि बढ्छ ।

अन्त्यमा : राजनीतिक दल, सञ्चारमाध्यम, सरकारका जिम्मेवार निकाय र मानव अधिकार समुदायको सहभागितामा दण्डहीनताविरुद्ध व्यापक कार्यक्रम सञ्चालन गर्नको लागि सो छलफल कार्यक्रमबाट दण्डहीनताविरुद्ध नागरिक कार्यदलको आगामी कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न *'तीन सदस्यीय कार्यदल[1]'* समेत गठन गरिएको छ । सो समितिले दण्डहीनताविरुद्धको आगामी अभियानलाई कसरी अघि बढाउने भन्नेमा राय बुझाउने व्यवस्था गरिएको छ ।

**कार्यक्रमको सहभागिता**

१. धर्मानन्द जोशी, ओएचसीएचआर
२. हरिबहादुर कार्की, अजर नेपाल
३. इमेश पोखरेल, ओएचसीएचआर
४. विष्णुपुकार श्रेष्ठ, काउराष्ट
५. भवानी प्रसाद खरेल, हुर्फन
६. गोविन्द वन्दी, आईसीजे
७. चरण प्रसाई, मानव अधिकार संयुक्त मञ्च
८. विद्या चापागाईं, इन्सेक
९. बिजु अर्याल, कोक्याप
१०. सम्झना श्रेष्ठ, इन्सेक
११. नूतन थपलिया, फोरिड
१२. वीरेन्द्र थपलिया, फोरिड
१३. सुशील प्याकुरेल, जवाफदेहीता निगरानी समिति
१४. ई. सालीग्राम सिंह, नेपाल इन्जिनिएरिङ्ग एशोसिएसन
१५. सिन्धु सापकोटा, फोरिड
१६. शारदा सुब्बा, ल्याक
१७. परीक्षा राणा, आईसीजे
१८. पुरुषोत्तम दाहाल, शान्ति समाज
१९. रामजी दाहाल, पत्रकार महासंघ

---

[1] कार्यदलका सदस्यहरुमा अधिवक्ता गोविन्द शर्मा 'वन्दी' (संयोजक दण्डहीनताविरुद्ध एक वर्षे अभियान), विद्या चापागाईं र अधिवक्ता वीरेन्द्रप्रसाद थपलिया रहनुभएको छ ।